# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### गभर्नर डा. चिरंजीबि नेपाल IMF/WB 2016 Spring Meetings मा सहभागी भई स्वदेश फिर्ता

गभर्नर डा. चिरंजीबि नेपाल International Monetary Fund र World Bank ले संयुक्त राज्य अमेरिकाको वासिंगटन डिसिमा २०१६ अप्रिल १४ देखि अप्रिल १७ सम्म आयोजना गरेको 2016 Spring Meeting मा सहभागी भई मिति २०७३ वैशाख ७ गते स्वदेश फर्कनु भयो ।



केन्द्रीय बैंक, अर्थ मन्त्रालय, निजी क्षेत्र तथा प्राज्ञिक क्षेत्रका व्यक्तिहरुको प्रतिनिधित्व रहको उक्त बैठकमा विश्व अर्थतन्त्र, आर्थिक वृद्धि, गरिबी निवारण लगायतका क्षेत्रमा छलफल हुनुका साथै अन्तराष्ट्रिय मुद्रा कोष र विश्व बैंकले प्रदान गर्ने सहयोगको प्रभावकारिताका बारेमा छलफल भएको थियो ।

गभर्नर डा. नेपाल अप्रिल १४ मा आयोजित Joint Governors' Meeting of the IMF-World Bank South East Asia Constituency मा समेत सहभागी हुनुभयो । उक्त बैठकमा China in Transition: Opportunities and Challenges for the Southeast Asia Constituency बिषयमा Panel discussion का साथै Rotation Scheme का बारेमा छलफल भएको थियो ।

सो अवसरमा गभर्नर डा. नेपालले SEAVG का कार्यकारी निर्देशक Marzunishan Omar र कोषका उप कार्यकारी निर्देशक Mitsuhiro Furusawa संग छुट्टा छुट्टै शिष्टाचार भेट गर्नुभयो । सो क्रममा उहाँले नेपालको वर्तमान आर्थिक तथा वित्तीय अवस्थाका बारेमा जानकारी गराउनुका साथै केन्द्रीय बैंकले लिने नीतिहरुको कार्यान्वयनका लागि केन्द्रिय बैंकको क्षमता अभिवृद्धिका



निमित्त कोषबाट प्राप्त सहयोगको सराहना गर्दै भविष्यमा समेत यस प्रकारको सहयोग हुने अपेक्षा व्यक्त गर्नुभयो । सोही अवसरमा उहाँले हालै कोषबाट सम्पन्न मिसनहरुबाट प्राप्त सुझाब र सहयोगको लागि धन्यबाद समेत व्यक्त गर्नुभयो ।

गभर्नर डा. नेपालका साथ गभर्नर कार्यालयका निर्देशक राजेन्द्र पण्डित समेत उक्त कार्यक्रममा सहभागी हुनु भएको थियो ।

२०७३ वैशाख ८, बुधबार

गभर्नरको कार्यालय